वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४८ २०८३ जेठ २५ गते सोमबार, नेपाल सम्वत् ११४६ June 08, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस् !
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
Email : bhanjyangdml@gmail.com

# कृषि क्रान्तिको अभियानमा बन्दीपुर

## उत्कृष्ट कृषकलाई नगदसहित सम्मानदेखि "गुरु किसान" कार्यक्रमसम्म

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

कृषि पेशा उपेक्षामा परिरहेको समयमा तनहुँको बन्दीपुर गाउँपालिकाले स्थानीय स्तरमै कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यवसयिक बनाउने महत्वकाङ्क्षी कार्यक्रमहरू अगाडि ल्याएको छ । युवा पुस्ता वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका बेला गाउँपालिकाले कृषि पेसालाई सम्मानित, मर्यादित र आयआर्जनसँग जोड्न लक्ष्यसहित उत्कृष्ट कृषक तथा कृषि संस्थालाई नगदसहित सम्मान गर्ने निर्णयसँगै नवीन अवधारणाका रूपमा 'गुरु किसान' कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लामै पहिलो पटक उत्कृष्ट कृषक, कृषि समूह तथा कृषि सहकारीलाई विशेष सम्मान गर्ने प्रक्रिया सुरु गरेको जनाएको छ। गाउँपालिकाका प्रवक्ता एवं वडा नम्बर १ का अध्यक्ष शिवकुमार श्रेष्ठका अनुसार यो कार्यक्रम केवल औपचारिक सम्मानमा सीमित नभई बन्दीपुरलाई कृषिमा आत्मनिर्भर बनाउने दीर्घकालीन योजनाका रूपमा हेरिएको छ ।

'बन्दीपुर पर्यटनको केन्द्र मात्र नभई कफी, सुन्तला, तरकारी तथा पशुपालनका दृष्टिले समेत अत्यन्त सम्भावनायुक्त क्षेत्र भएको उल्लेख गर्दै वास्तविक र रैथाने किसान पहिचान गरी उनीहरूको श्रम र लगानीको सम्मान गर्न कार्यक्रम ल्याइएको छ', उनले भने, 'कृषि क्षेत्रमा युवा आकर्षण बढाउन र उत्पादन वृद्धि गर्न यसले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।'



गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक कृषि फर्म, कृषक समूह तथा सहकारीलाई आवश्यक कानुनी कागजातसहित आवेदन दिन आव्हान गरेको छ । आवेदनका लागि वडा कार्यालयको सिफारिसपत्र, नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा), तथा कृषि फर्म, समूह वा सहकारीको दर्ता र नवीकरण प्रमाणपत्र अनिवार्य गरिएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर केसीका अनुसार वास्तविक कृषकहरु नीतिगत प्रक्रियाबाट नछुट्नू भन्ने उद्देश्यले वस्तुगत मापदण्ड तयार गरिएको छ । उनले भने, 'समयमै प्राप्त आवेदनहरुलाई प्राविधिक टोलीमार्फत स्थलगत अनुगमन र मूल्याङ्कन गरी उत्कृष्ट कृषक तथा संस्थाको छनोट गरिने छ ।'

**किसानको बारीमै पुग्ने 'गुरु किसान'**

यस्तै, कृषि उत्पादनलाई आधुनिक र व्यावसायिक बनाउने अर्को महत्वपूर्ण कार्यक्रमका रूपमा गाउँपालिकाले 'गुरु किसान' कार्यक्रम सञ्चालनमा ल्याएको छ। परम्परागत तालिम शैलीभन्दा फरक यस अवधारणामा अनुभवी किसान स्वयं अन्य किसानको खेतबारीमै पुगेर व्यवहारिक ज्ञान, सीप र प्रविधि हस्तान्तरण गर्नेछन्।

गाउँपालिकाको कृषि विकास शाखाले संघीय सशर्त वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रारम्भिक

*बाँकी तेश्रो पेजमा*

# रास्वपा तनहुँको सभापतिमा बास्तोला

**भञ्ज्याङ समाचारदाता/दमौली**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तनहुँको सभापतिमा विश्वनाथ बास्तोला निर्वाचित भएका छन् । नयाँ नेतृत्व चयनका लागि आइतबार भएको अधिवेशनमार्फत् बास्तोला सभापतिमा निर्वाचित भएका हुन् । बास्तोलाले १८७ मत प्राप्त गरी निर्वाचित भएको निर्वाचन समितिका सदस्य राजु



दाहालले जानकारी दिए । उनका प्रतिस्पर्धी डा. शेषरमण न्यौपानेले ६४ मत प्राप्त गरेका छन् ।

यस्तै उपसभापतिमा विष्णुबहादुर पन्त विजयी भएका छन् । उनले १३१ मत प्राप्त गरे भने उनका प्रतिस्पर्धी पदमराज न्यौपानेले १२४ मत प्राप्त गरेका छन् । सहसचिवमा दुर्गाकुमार श्रेष्ठ विजयी भएका छन् । उनले १२७ मत प्राप्त गरे भने उनका प्रतिस्पर्धी पदमबहादुर सुनारले १२६ मत प्राप्त गरेका छन् ।

यस्तै, सचिव पदमा अनिल श्रेष्ठ, सदस्यहरूमा सीता विक, अम्बिका वाग्ले, सीता अधिकारी, अञ्जु दाहाल, केशबहादुर थापा सर्वसम्मत निर्वाचित भएका छन् ।

क्षेत्र नम्बर १ को संयोजकमा शशी रूपाखेती र क्षेत्र नम्बर २ को संयोजकमा सुन्दर बस्याल सर्वसम्मत निर्वाचित भएका छन् ।

**'रास्वपालाई असफल हुने छुट छैन'**

यस्तै, रास्वपा केन्द्रीय ऊर्जा विभाग प्रमुख एवं तनहुँ क्षेत्र नम्बर २ का सांसद श्रीराम न्यौपानेले रास्वपालाई असफल हुने छुट नरहेको बताएका छन् । रास्वपा तनहुँ जिल्ला समितिको आइतबार आयोजित प्रथम अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उनले देशको ठूलो शक्ति रास्वपामाथि जनताको आशा र भरोसा रहेकाले यो पार्टीलाई असफल हुने छुट नरहेको उल्लेख गरे ।

न्यौपानेले विगतका सरकार आफ्नै झगडाबाट अपदस्थ भएको चर्चा गर्दै करिब दुई तिहाइ नजिक रहेको वर्तमान सरकारलाई अन्य शक्तिबाट आफ्नैबाट खतरा रहेको बताए। उनले भने, "बाहिरको संख्या अत्यन्तै न्यून छ, रास्वपाको संख्या बढ्दो छ। अन्य पार्टीबाट रास्वपामा आएकाले विगतको स्कुलिङ

*बाँकी तेश्रो पेजमा*

# गुदारोग सम्बन्धी विशेष आयुर्वेद शिविर

## ५० जना लाभान्वित, १५ जनाको 'क्षारसूत्र विधि'बाट सफल शल्यक्रिया

**भञ्ज्याङ समाचारदाता/दमौली**

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको प्रदेश आयुर्वेद चिकित्सालयले भिमाद आयुर्वेद औषधालयको समन्वयमा भिमादमा दुई दिवसीय गुदारोग (Ano-Rectal) सम्बन्धी विशेष आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

भिमाद आयुर्वेद औषधालयको प्राङ्गणमा शनिबार र आइतबार सञ्चालन गरिएको शिविरमा पाइल्स, फिस्टुला र फिसर लगायत गुदारोगसम्बन्धी समस्याबाट पीडित बिरामीहरुको विशेषज्ञ चिकित्सकद्वारा निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि वितरण गरिएको थियो।



शिविरमा डा. रमेश पौडेल सहित प्रदेश आयुर्वेद चिकित्सालयका चिकित्सक तथा प्राविधिक टोलीले सेवा प्रदान गरेका थिए। कार्यक्रममा विशेष गरी गुदारोगसम्बन्धी समस्याको समयमै पहिचान र आयुर्वेदिक उपचार पद्धतिबारे जनचेतना अभिवृद्धिमा जोड दिइएको चिकित्सालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईले बताए ।

शिविरबाट कुल ५० जना बिरामी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सेवा लिनेहरूमा २५ जना महिला, २२ जना पुरुष, दुई जना बालिका र एक जना बालक रहेका थिए । स्वास्थ्य अवस्था जटिल देखिएका १५ जना बिरामीको आयुर्वेदिक 'क्षारसूत्र विधि' मार्फत सफल शल्यक्रिया गरिएको चापागाईले जानकारी गराए ।

उनका अनुसार विशेषज्ञहरूले आयुर्वेदिक 'क्षारसूत्र विधि'लाई गुदारोग उपचारको प्रभावकारी र सुरक्षित पद्धतिको रूपमा उल्लेख गर्दै यसबाट शल्यक्रियापछि हुने जटिलता कम हुने, बिरामीलाई छिटो निको हुन सहयोग पुग्ने तथा पुनः समस्या दोहोरिने सम्भावना न्यून रहने बताएका छन् ।

प्रदेश आयुर्वेद चिकित्सालय, दमौलीले आगामी दिनमा पनि ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गर्दै विभिन्न स्थानमा यस्ता विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने जनाएको छ। अस्पतालले गुणस्तरीय, सुरक्षित तथा पहुँचयोग्य आयुर्वेद स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकतामा राखेर सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

गुदारोगसम्बन्धी समस्या समाजमा व्यापक भए पनि लोकलाज तथा संकोचका कारण धेरै बिरामी समयमै स्वास्थ्य संस्थामा पुग्न सकिरहेका छैनन् । यस्ता विशेषज्ञ शिविरले रोगको प्रारम्भिक अवस्थामै पहिचान गर्न, सुरक्षित तथा प्रभावकारी उपचार उपलब्ध गराउन र सर्वसाधारणमा स्वास्थ्य सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

# तनहुँ प्रहरीको विशेष 'स्विप अपरेसन' : ७६ जनालाई सम्झाइबुझाइ छाडियो

**भञ्ज्याङ समाचारदाता/दमौली**

जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहतका प्रहरी इकाइबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा विशेष 'स्विप अपरेसन' सञ्चालन गरेको छ।

सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउने, आपराधिक गतिविधि नियन्त्रण गर्ने तथा शान्ति सुव्यवस्था कायम राख्ने उद्देश्यले सञ्चालन गरिएको उक्त अभियानका क्रममा विभिन्न स्थानबाट ७६ जनालाई नियन्त्रणमा लिई आवश्यक सोधपुछ तथा सम्झाइबुझाइपछि छाडिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सार्वजनिक स्थल, बजार क्षेत्र, होटल तथा संवेदनशील मानिएका स्थानहरूमा निगरानी बढाउँदै शंकास्पद गतिविधिमाथि विशेष निगरानी गरिएको थियो। अभियानका क्रममा रातिको समयमा अनावश्यक रूपमा हिँडडुल गर्ने, शंकास्पद अवस्थामा भेटिएका तथा सामाजिक सद्भावमा असर पुग्ने गतिविधिमा संलग्न हुन सक्ने व्यक्तिहरूमाथि जाँच तथा निगरानी गरिएको जनाइएको छ।

विशेष स्विप अपरेसन जिल्लाभर निरन्तर सञ्चालन गरिने र कानून विपरीतका गतिविधिमा संलग्न व्यक्तिमाथि कडा कारबाही गरिने प्रहरी नायव उपरीक्षक द्वारिका प्रसाद घिमिरेले जानकारी गराए । साथै, शान्ति सुरक्षा कायम राख्न नागरिकको सहयोग आवश्यक रहेको भन्दै कुनै पनि शंकास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन उनले अनुरोध गरेका छन् ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## खाद्य सुरक्षा र पोषण : स्वास्थ्यपूर्ण जीवनको आधार

विविध कार्यक्रम गरी आइतबार विश्वभर विश्व खाद्य सुरक्षा दिवस मनाइएको छ । दूषित र असुरक्षित खाद्य पदार्थका कारण विश्वमा हरेक वर्ष करोडौँ मानिस बिरामी पर्ने र लाखौँले ज्यान गुमाउने गरेको तथ्याङ्कले खाद्य सुरक्षाको गम्भीरतालाई स्पष्ट देखाउँछ । यो समस्या केवल विकसित वा अविकसित देशको मात्र होइन, विश्वव्यापी चुनौती हो । नेपाल पनि यसबाट अछुतो छैन । खाद्य सुरक्षा भनेको केवल खाना खान मिल्ने हुनु मात्र होइन, त्यो खाना सुरक्षित, स्वच्छ र स्वास्थ्यका लागि हानिकारक नहुनु हो । उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण प्रक्रियामा यदि सावधानी अपनाइएन भने सामान्य देखिने खाना पनि रोगको कारण बन्न सक्छ । दूषित पानी, विषादीयुक्त तरकारी, अस्वच्छ भण्डारण, ढुवानी र तयारी प्रक्रियाले मानव स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ ।

नेपालमा पछिल्ला वर्षहरूमा खाद्यजन्य रोगहरु अझै पनि सार्वजनिक स्वास्थ्य समस्याका रूपमा रहेका छन् । झाडापखाला, टाइफाइड, जन्डिस, हैजा जस्ता रोगहरु असुरक्षित खानेकुरा र पानीकै कारण फैलिने गरेका छन् । अझ चिन्ताको विषय के छ भने यी रोगहरूबाट सबैभन्दा बढी प्रभावित बालबालिका, गर्भवती महिला, वृद्धवृद्धा र गरिब तथा कमजोर वर्ग हुन् । खाद्य सुरक्षाको विषयलाई अहिले केवल रोगसँग मात्र जोडेर हेर्नु पर्याप्त हुँदैन । यसको अर्को महत्वपूर्ण पक्ष हो– पोषण । खाना सुरक्षित भए पनि यदि त्यसमा आवश्यक पोषक तत्व छैन भने त्यो स्वास्थ्यका लागि पूर्ण हुँदैन । आज नेपालमा कुपोषण, रक्तअल्पता, पुड्कोपन जस्ता समस्या अझै चुनौतीका रूपमा छन् भने अर्कोतर्फ मधुमेह, उच्च रक्तचाप, मुटुरोग जस्ता नसर्ने रोग तीव्र रूपमा बढिरहेका छन् । यी दुवै समस्याको मूल समाधान पोषणमै निहित छ । यसर्थ खाद्य सुरक्षा र पोषणलाई अलग–अलग विषयका रूपमा होइन, एउटै सिक्काका दुई पाटा भनेर बुझ्न आवश्यक छ । सुरक्षित खाना बिना राम्रो पोषण सम्भव छैन र पोषणविना स्वस्थ समाज निर्माण गर्न सकिँदैन ।

नेपाल सरकारले पछिल्ला वर्षहरूमा खाद्य स्वच्छता र स्वास्थ्यबीचको सम्बन्धलाई प्राथमिकतामा राख्दै नीतिगत प्रयासहरु अघि बढाएको छ । तर नीति मात्र पर्याप्त हुँदैन, यसको कार्यान्वयन प्रभावकारी हुनुपर्छ । खेतबारीदेखि बजारसम्म, भान्सादेखि थालसम्म खाद्य सुरक्षाको मापदण्ड कडाइका साथ पालना हुनुपर्छ । आजको वास्तविकता के हो भने खाद्य प्रणालीको हरेक चरणमा चुनौतीहरु छन्। किसानले प्रयोग गर्ने विषादीदेखि लिएर बजारमा हुने अस्वच्छ भण्डारणसम्म, होटल–रेस्टुरेन्टमा हुने लापरवाहीदेखि घरमा हुने असावधानीसम्म समस्या फैलिएको छ । यसलाई सुधार गर्न सरकार मात्र होइन, उत्पादक, व्यवसायी र उपभोक्ता सबैको साझा जिम्मेवारी आवश्यक हुन्छ । अर्को महत्वपूर्ण पक्ष जनचेतना हो । धेरै मानिसलाई अझै पनि सुरक्षित खाना कसरी चिन्ने, कसरी भण्डारण गर्ने र कसरी प्रयोग गर्ने भन्ने आधारभूत ज्ञान पर्याप्त छैन । विद्यालयदेखि समुदायसम्म खाद्य सुरक्षा र पोषणबारे शिक्षा दिन आवश्यक छ । बालबालिकामा सानै उमेरदेखि स्वस्थ खाने बानी बसाल्न सके भविष्यमा धेरै रोगबाट जोगिन सकिन्छ ।

त्यसैगरी स्थानीय तहको भूमिका पनि महत्वपूर्ण छ । स्थानीय सरकारहरूलाई खाद्य सुरक्षा अनुगमन, बजार निरीक्षण र जनचेतना कार्यक्रम सञ्चालनमा अझ सक्रिय बनाउनुपर्छ । प्रत्येक स्थानीय तहमा पोषण र खाद्य सुरक्षा सम्बन्धी दक्ष जनशक्ति अनिवार्य रूपमा व्यवस्था गर्नु आजको आवश्यकता हो । स्वास्थ्य संस्थाहरूमा पनि आहारविद् र पोषण विशेषज्ञको उपस्थिति अपरिहार्य बन्दै गएको छ । रोगको उपचारसँगै बिरामीलाई सही आहार र पोषण सम्बन्धी सल्लाह दिन सके उपचार प्रभावकारी हुन्छ । तर अहिले धेरै स्वास्थ्य संस्थामा यस्तो सेवा सीमित छ, जुन सुधार गर्न जरूरी छ । खाद्य सुरक्षा केवल स्वास्थ्य क्षेत्रको मात्र विषय होइन, यो कृषि, शिक्षा, उद्योग, व्यापार र वातावरणसँग पनि जोडिएको छ । त्यसैले बहुक्षेत्रीय समन्वय बिना यसको समाधान सम्भव छैन । सरकारका सबै सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय आवश्यक छ ।

आजको विश्व खाद्य सुरक्षा दिवसले हामीलाई यही सन्देश दिन्छ– खाद्य सुरक्षा सबैको जिम्मेवारी हो । सुरक्षित खाना, स्वच्छ वातावरण र सन्तुलित पोषण प्राप्त गर्नु प्रत्येक नागरिकको अधिकार हो । यो अधिकार सुनिश्चित गर्नु राज्य, समाज र व्यक्तिको संयुक्त कर्तव्य पनि हो । स्वस्थ नागरिक बिना समृद्ध देशको कल्पना गर्न सकिँदैन । त्यसैले खाद्य सुरक्षा र पोषणलाई राष्ट्रिय प्राथमिकतामा राख्दै दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । सुरक्षित र पोषणयुक्त खाना नै स्वस्थ, सक्षम र समृद्ध नेपालको आधार हो ।

# एमालेको पुनर्गठन किन र कसरी ?

नयाँ समाज निर्माणको सपना पूरा गर्ने संघर्षमा हामीले पुरानो समाजलाई बदल्ने मात्र होइन, त्योभन्दा प्रमुख कुरा आफैलाई बदल्न सक्नुपर्छ । यस सन्दर्भमा कार्लमार्क्सले भनेका थिए, 'नयाँ समाज निर्माणका लागि स्वयम् आफैलाई तयार पार्नुपर्छ ।' नेकपा (एमाले), शान्त, समृद्धि, सुखी र समतामूलक नयाँ नेपाल निर्माणका लागि गठन भएको राजनीतिक शक्ति हो । नेपाली समाजलाई भ्रष्टाचार, गरिबी र शोषणबाट मुक्त गर्नका लागि यो पार्टीका हजारौँ नेता तथा कार्यकर्ताहरूले रगत र पसिना बगाएर निर्माण गरेको पार्टी हो यो।


यो पार्टी कुनै अमुक नेताको 'पुरूषार्थ' बाट व्यक्तिगत स्वार्थ र महत्त्वाकाङ्क्ष पूरा गर्ने हतियार होइन, केवल देश र जनताको सेवा गर्ने माध्यम मात्रै हो । कुनै पनि राजनीतिक पार्टी र सरकारको माध्यमबाट आफ्ना तमाम आवश्यकता र इच्छा पूरा होस् भन्ने, विश्वभरकै आम जनताको मानवीय स्वभाव हो ।

तर समाजवादलाई आफ्नो राजनीतिक लक्ष्य मान्ने पार्टीका नेता तथा कार्यकर्ताले आफ्नो भन्दा बढी जनताको हितलाई त्यसको आफै नेतृत्व गरेको अवस्थामा देशको विकास र जनताको समृद्धिका लागि अधिकतम काम गर्ने महत्त्वपूर्ण अवसर बेलामौकामा प्राप्त भएको थियो र त्यसबेला केही राम्रा कामहरु पनि भए । तर त्योसँगै नयाँखाले समस्याहरु पनि पार्टीभित्र देखा पर्न थाले ।

आफ्नो जीवनको लामो कार्यकालमा अत्यन्त दुःख–कष्ट र अभावको सामना गर्दै जनताको सेवामा समर्पित कतिपय नेता र कार्यकर्ताहरूमा, सत्तामा पुगेपछि प्राप्त सुख, सुविधा र मान–सम्मानको नयाँ अवसरले उनीहरूका आचरण र व्यवहारमा मात्र होइन चिन्तन र प्रवृत्तिमा समेत गलत किसिमको परिवर्तन देखा पर्न थाल्यो।

उनीहरूले सत्ता र सरकारमा रहेको पुरानो ढाँचा, प्रवृत्ति र कार्यशैलीलाई लोकतान्त्रिक चरित्रमा रूपान्तरण गर्नुको बदला, पुरानो ढाँचाले उनीहरूलाई आफ्नो चरित्र अनुसार बदल्न थाल्यो । विभिन्न बिचौलिया र भ्रष्ट व्यक्तिहरूसँगको बढ्दो सङ्गतले गलत प्रवृत्तिहरु झाँगिँदै गए । बेलामौकामा कतिपय नेताहरूको बारेमा अनेक प्रश्नहरु उठ्न थाले । पार्टीभित्र महत्त्वपूर्ण पङ्क्तिमा पुरानो विश्वास डगमगाउन थाल्यो । वास्तवमा इतिहासको सर्वोच्च शिखरमा पुगेको नेपालको कम्युनिस्ट आन्दोलनको यात्रा संसद् विघटनको उक्त बिन्दुबाट ओरालो लाग्न थाल्यो। उक्त महान् ऐतिहासिक उपलब्धिलाई जुनसुकै उपायबाट पनि जोगाउने र नयाँ नेपाल निर्माण गर्ने महत्त्वपूर्ण अवसरका रूपमा सदुपयोग गर्नुपर्ने थियो । त्यसबेलाको नेतृत्व त्यो उपलब्धिलाई सहजै समाप्त गर्ने दिशामा किन गयो ? गम्भीर प्रश्न रहिरहेको छ।

इतिहासको लामो कालसम्म जनआधारित कार्यकर्ता पङ्क्ति पछि आएर आवधिक निर्वाचनको समयमा बाहेक अन्य समय जनताबाट अलग्गिएर सत्ताकेन्द्रित हुँदै गयो । समाजको गरिब, दुःखी र गरिखाने वर्ग, हरेक निर्वाचनमा अमुक पार्टीलाई भोट हाल्ने हतियार मात्र हुँदै गयो । उनीहरूलाई सचेत र सङ्गठित गर्ने कम्युनिस्ट पार्टी नै आफूहरूबाट अलग बन्दै गएको देखेपछि त्यो वर्गले निर्वाचनको अन्तिम समयतिर आएर क्षणिक लाभमा आधारित स्वविवेक प्रयोग गर्न थाल्यो ।




प्राथमिकतामा राखेर आजीवन काम गर्न सक्ने अरूभन्दा गुणात्मक रूपले नै भिन्न चरित्र निर्माण गर्नुपर्छ । कम्युनिस्ट पार्टीको सिद्धान्त, नीति र सम्पूर्ण क्रियाकलापसँगै सरकार र सिङ्गो राज्यसत्ता पनि समाज रूपान्तरणका साधनहरु हुन् । साध्य भनेको जनताको सुख, समृद्धि र खुसी नै हो ।

त्यसका लागि पार्टीले सही दृष्टिकोण, नीति, कार्यक्रम र कार्ययोजना मात्र होइन सोही अनुसारको आचरण, कार्यशैली र त्यसलाई व्यवहारमा रूपान्तरण गर्नु अनिवार्य हुन्छ । नेपाली समाजको विगतको पृष्ठभूमि र वर्तमान आर्थिक–सामाजिक परिस्थितिको कारणले विभिन्न पार्टीमा जस्तै एमाले भित्र पनि आत्म केन्द्रित व्यक्तिवादी चिन्तन र प्रवृत्ति कम–बेसी मात्रामा रहनु स्वाभाविक हो । तर पछिल्लो कालमा आइपुग्दा त्यो प्रवृत्ति अत्यन्त खतरनाक रूपमा देखा पर्न थालेको थियो । मुख्यतः जति–जति माथि गयो त्यत्ति नै व्यक्तिवाद बढ्दै गयो ।

पार्टी सञ्चालन गर्दै अघि बढ्ने क्रममा, अन्ततः सरकार र राज्यसत्ताको माध्यमबाट जनताका तमाम समस्याहरूको समाधान गर्दै समग्र मुलुकको विकास र समृद्धिमा अगुवाइ गर्नु स्वाभाविक हो । लोकतन्त्र, जनवाद, समाजवाद भनेको पनि जनताको सेवा गर्ने राजनीतिक माध्यम हो ।

एमाले सरकारमा सामेल भएर या त्यस्ता विषयमा प्रश्न गर्ने, छानबिन गर्ने, सही र गलत छुट्याउने काम हुन सकेन।

विधानतः पार्टीमा शक्तिशाली अनुशासन आयोग बनेको भए पनि त्यो व्यवहारतः निरीह बन्दै गयो । त्यसमा पनि पार्टीभित्रको गुटबन्दीले निष्पक्ष छानबिन गर्ने र कार्यवाहीको सिफारिस गर्ने वातावरण बन्न सकेन । प्रश्नको घेरामा रहने जो कोही पनि गुटको छातामुनि सुरक्षित रहने परिस्थिति तयार भयो । जतिसुकै अपराधपूर्ण काम गरेको भए पनि आफ्नो गुटको मान्छेलाई संरक्षण गर्ने प्रवृत्ति बढ्यो । यसरी पार्टीले आफूलाई सच्याउने प्रक्रिया नै अवरूद्ध हुन पुग्यो ।

पञ्चायतकालीन नेकपा (माले) र ०४८ देखि ०५१ को एमाले कार्यकालसम्म पार्टीको मूल जनआधार श्रमजीवी वर्ग नै थियो । तर सत्ताकेन्द्रीत राजनीति हाबी हुँदै जाने क्रममा मूलभूत वर्गसँगको सम्बन्ध क्रमशः टुट्दै जान थाल्यो । देशका लाखौंलाख श्रमजीवी वर्गले एमालेलाई आ ्नो पार्टीको रूपमा विश्वास गरेर आस्थाको मत व्यक्त गर्दै आए । ०७४ मा दुई पार्टीबिचको एकताले सबैखाले कमजोरीलाई बिर्सेर जनताले कम्युनिस्ट पार्टीको दुई तिहाइको सरकार बनाउन सहयोग गरे ।

तर असंवैधानिक रूपले संसद् विघटन र पार्टी विभाजनपछि जनताको एउटा

पार्टीभित्रको एउटा पङ्क्तिमा क्रमशः 'सत्ता, शक्ति र पैसा' सबै हो, बाँकी सिद्धान्त र विचार भनेको भावना र आडम्बर बाहेक केही होइन भन्ने मनोविज्ञानले घर गर्दै गयो । सत्ताको विभिन्न स्तरमा पुग्नका लागि पार्टीको महत्त्वपूर्ण पद आवश्यक पर्ने भएकाले बलियो गुट बनाएर सत्ता हत्याउने प्रवृत्ति निरन्तर रूपमा बढेर गयो । पार्टीमा नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध, समाज, देश र जनताप्रति इमानदार व्यक्तिभन्दा अमुक नेताको गुणगान गाउने व्यक्तिको छनोटले प्राथमिकता पायो ।

पार्टीमा चरम व्यक्तिवादी प्रवृत्ति बढेर गयो । अन्ततः 'नेता प्रधान होइन, नीति प्रधान हो' भन्ने ठाउँमा 'नीति प्रधान होइन नेता प्रधान हो' भन्ने मान्यतालाई स्थापित गर्दै लगियो। यसरी पार्टी पङ्क्तिमा विचारप्रतिको आस्था गौण हुँदै गयो ।

पार्टीमा आलोचना–आत्मालोचना चलाउनु भनेको अनाहकमा अन्तर्विरोध सिर्जना गर्ने तरिका भएकाले त्यसको सान्दर्भिकता समाप्त भएको हाकाहाकी घोषणा गर्न थालियो । यसरी पार्टीभित्र आलोचनाको विषय हराउँदै गयो । यो, कम्युनिस्ट र लोकतान्त्रिक पार्टीमा अस्तित्व र विकासका लागि अनिवार्य विषय थियो।

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| प्रेमको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा मन रमाउनेछ। आयआर्जन पनि मनग्य हुनेछ। | कामको चापबाट मुक्त रही विश्राम पाइनेछ। रमाइलो यात्रा र अतिथिका रूपमा मानसम्मान प्राप्त हुनेछ। | स्रोतसाधन जुटाउन केही खर्च र दौडधुप गर्नुपर्ला। काममा अरूको मुख ताक्नाले पछि परिनेछ। | प्रयत्न गर्दा विगतका कमजोरी सच्याउन सकिनेछ। सावधानीले पनि क्षतिबाट जोगाउनेछ। | अध्ययनको लगावले विशेष अवसर दिलाउन सक्छ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। | सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ। प्रयत्न गर्दा पछि फाइदा हुनेछ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। | साझेदारीमा आन्तरिक प्रतिस्पर्धा बढ्न सक्छ। अप्ठ्यारो पर्दा मान्यजन तथा अग्रजहरूले साथ दिनेछन्। | समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरु फेला पर्नेछन्। यात्राको साइत पनि जुर्न सक्छ। | मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। दिउँसोबाट दिगो काम प्रारम्भ गर्न सकिनेछ। | श्रमअनुसार फाइदा कमै होला। ठूलो प्रयत्न गर्दा सामान्य उपलब्धि उठाउन सकिनेछ। | महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। होसियारपूर्वक काम बनाउने समय छ। |

# एमालेको पुनर्गठन किन .......

तर त्यसलाई व्यवहारिक रुपमा पार्टीको विधिबाटै हटाएपछि विविध क्षेत्रमा समस्याहरु बढ्दै जानु स्वाभाविक थियो । पार्टी काम र सरकार सञ्चालनको क्रममा भएका कतिपय गल्ती, कमजोरीहरुप्रति प्रश्न गर्ने प्रवृत्ति कमजोर भयो । जसले प्रश्न गर्थे उनीहरुलाई पार्टी विरोधी बिल्ला लगाउने, किनारामा धकेलिदिने प्रवृत्ति माथिदेखि तलसम्म बढ्यो ।

०७७ को संसद् विघटनपछि कुनै अमुक पार्टीको बहुमतको सरकार बन्ने सम्भावना समाप्त भयो र राजनीतिक अस्थिरता बढ्यो। त्यसपछि पार्टीका केही प्रमुख नेताहरु प्रधानमन्त्री बन्ने र अरु केही मन्त्री बन्ने खेल–तमासा बढ्दै गयो । यसै क्रममा उब्जेको भदौ २३–२४ को काण्ड र ०८२ फाल्गुण २१ को निर्वाचनको परिणामसम्म आइपुग्दा कम्युनिस्ट आन्दोलन मात्र होइन, लोकतान्त्रिक आन्दोलनका र पुराना पार्टीहरुले चुनावमा सबभन्दा ठुलो पराजय भोग्नुपर्ने अवस्था सिर्जना हुन पुग्यो ।

पार्टीभित्र देखा पर्दै आएका उपर्युक्त तमाम प्रवृत्तिहरु र विभिन्न राजनीतिक घटनाक्रमले पार्टीलाई आज जुन ठाउँमा पुर्‍याएको छ, त्यसको गम्भीर र तथ्यपूर्ण समीक्षा गरेर माथिदेखि तलसम्मको पार्टीभित्र व्यापक रुपान्तरण गरी पुनः नयाँ किसिमले अघि बढ्नुको विकल्प छैन । पार्टीसँग सम्बन्धित सरकारका महत्त्वपूर्ण उपलब्धि र भएका कमजोरीप्रति आत्मालोचित बन्दै त्यसलाई दृढतापूर्वक सच्याउने काम गर्न सकियो भने पुनः नेपाली कम्युनिस्ट आन्दोलन नयाँ उचाइमा पुग्न सक्ने सम्भावनाहरु विद्यमान छन् । त्यसका लागि एमालेले तत्काल केही काम गर्नु जरूरी छ ।

सर्वप्रथम गएको आम निर्वाचनको मात्र होइन अहिलेसम्म समग्र रुपमा पार्टी सञ्चालन र सरकार सञ्चालनमा रहेका तमाम कमजोरीहरुको तथ्यसंगत समीक्षा गर्नु जरूरी छ। विगतका सकारात्मक विषयलाई आत्मसात् गर्दै गल्तीहरु सच्याउने दृढ अठोट गर्नु पर्छ । वर्तमान नेपाली समाज मात्र होइन आजको युगले सबै ठाउँमा नयाँ नेतृत्वको आवश्यकता महसुस गरेको छ । नयाँ भन्नुको अर्थ विगतको भन्दा हरेक क्षेत्रमा उन्नत र सक्षम नेतृत्वको आवश्यकता छ । त्यसो नगरी आम जनतामा पार्टीप्रति विश्वास जगाउन सकिँदैन। ठोस रुपमा भन्ने हो भने नेतृत्वदायी स्थानमा पार्टी सञ्चालन र सरकार सञ्चालनका लागि अधिकतम उमेरको सीमा र निश्चित कार्यकाल तोक्नुपर्छ। यसले नयाँ पिँडीमा आशा र विश्वास जगाउँछ ।

सामूहिक नेतृत्वको आधारमा कम्युनिस्ट पार्टी सञ्चालन गर्नुपर्छ भन्ने मान्यता दस्ताबेजमा लेख्दै आएको विषय हो । तर व्यवहारमा एकल नेतृत्व प्रणाली स्थापित गर्ने काम हुँदै आयो । कम्युनिस्ट पार्टी मात्र होइन सामूहिक नेतृत्वको मान्यता स्थापित नगरी कहिले पनि लोकतन्त्र सुदृढ हुन सक्तैन। वास्तविक लोकतन्त्रका लागि यो विषय एक अनिवार्य तत्त्व हो । त्यस्तै सामूहिक बुद्धि र सामूहिक प्रयत्नको मान्यतालाई व्यवहारमा कसरी लागु गर्ने ? यस सम्बन्धमा नयाँ उपायहरु खोज्नु जरूरी छ । तबमात्र सिङ्गो पार्टीमा उन्नत चेतनाको विकास हुनसक्छ ।

पार्टीमा 'नेता प्रधान होइन, नीति प्रधान हो' भन्ने मान्यतालाई पुनर्स्थापित गर्नु आवश्यक छ। एउटा नेता जतिसुकै सक्षम भए पनि कमजोरी बिनाको मान्छे हुँदैन भन्ने हमेसा ख्याल गर्नुपर्छ । पार्टीमा प्रत्येक पार्टी सदस्य नीति र विधिको आधारमा चल्नुपर्छ । त्यसमा पनि नीति बनाउनेहरु बढी प्रतिबद्ध हुनु जरूरी छ । पार्टीमा आवधिक रुपमा स्वस्थ आलोचना र कर्तव्य बोध सहितको आत्मालोचनाको परिपाटी स्थापित गर्नुपर्छ । अनि मात्र स्वच्छ र सुदृढ पार्टी निर्माण हुनसक्छ । यसले पार्टीभित्रको फोहर मैला हटाउन सघाउ पुर्‍याउँछ ।

पार्टीमा हरेक गलत कुरासँग असहमति राख्ने र सहीको समर्थन गर्ने परिपाटी स्थापित गराएर गुटबन्दीको अन्त्य गर्नुपर्छ । पार्टीका हरेक कार्यकर्तालाई सानै भए पनि कामको ठोस जिम्मेवारी तोक्नुका साथै कामको परिणामको आधारमा उनीहरुको मूल्याङ्कन गर्ने वैज्ञानिक प्रणाली स्थापित गर्नुपर्छ ।

पार्टीमा अहिलेसम्म कायम तलदेखि माथिसम्मका पार्टी कमिटीहरुलाई विधिसम्मत तरिकाले पुनर्गठन गर्नु जरूरी छ । अहिलेसम्मको अनुभवबाट शिक्षा लिएर कुनै पनि नेताले बलियो गुट बनाएर होइन योग्य र इमानदार व्यक्तिहरु रहेको पार्टी बनाएर मात्र लक्ष्यमा पुग्न सकिन्छ भन्ने गम्भीर शिक्षा लिनु जरूरी छ । गुटबन्दी नगरीकन पार्टी काम गर्न नसक्ने अत्यन्त खतरनाक आत्मघाती आदतलाई पूर्ण रुपमा बदल्नै पर्छ।

पार्टी भित्र र बाहिर पनि भिन्न विचारप्रति सहिष्णुता र सम्मान, जनताको बहुदलीय जनवादको एउटा अत्यन्त महत्त्वपूर्ण मान्यता हो । यो मान्यता पार्टीमा मर्दै गएको छ । त्यसैले उक्त मान्यता बमोजिम हाम्रो दिमागलाई नै पुनर्गठन गर्नुपर्छ । पार्टीका कुनै पनि नेता तथा कार्यकर्ताले आफ्नो फरक मतलाई पार्टीभित्र मात्र होइन आवश्यक ठानेमा पार्टी कमिटीलाई जानकारी गराएर सार्वजनिक रुपमा बोल्न पाउने वैधानिक परिपाटी स्थापित गर्नु जरूरी छ । तर यसो गर्दा पार्टीको बहुमतको निर्णयलाई दृढतापूर्वक कार्यान्वयन गर्नैपर्छ । होइन भने अराजकता सिर्जना हुन्छ ।

कुनै पनि तहको जनप्रतिनिधिको लागि उम्मेदवार छनोट गर्दा सम्बन्धित तहका पार्टी सदस्यहरुको सुझावलाई आधार मानेर मात्र उपल्लो कमिटीले अन्तिम निर्णय गर्नुपर्छ ।

नयाँ विधि अनुसार नयाँ नेतृत्व निर्माण हुने भएकोले पुराना नेता तथा कार्यकर्ताहरुलाई विभिन्न तहका परामर्शदाता समितिमा संगठित गरेर केन्द्रमा वर्षको एक पटक र तलका कमिटीमा दुई पटक सम्बन्धित कमिटीका सचिवालय सदस्य सहितको संयुक्त बैठक बसी राय–परामर्श लिने र त्यसलाई सम्बन्धित कमिटीको औपचारिक बैठकमा विषयवस्तु सहित प्रस्तुत गर्ने परिपाटी कायम गर्नु उपयुक्त हुन्छ। केन्द्रदेखि वडासम्मका सम्बन्धित कमिटीमा आफ्नो सरकारका कामको आवधिक समीक्षा गर्ने वैधानिक परिपाटी स्थापित गर्नुपर्छ । एमालेमा यो परिपाटी कमजोर हुँदै गएको थियो। विगतमा पार्टी कमिटी र सरकारबिच सही किसिमको समन्वय हुन सकेन ।

यतिबेला, एमालेलाई सम्पूर्ण रुपमा पुनर्गठन गर्नुपर्ने पहिलो दायित्व भएकाले पुनर्गठन विना अन्य वामपन्थी पार्टीसँग पार्टी एकता गर्नु प्रत्युत्पादक हुन्छ । त्यसैले तत्काल विभिन्न साझा विषयमा कार्यगत एकता र सहकार्य गर्दै आगामी प्रदेश र स्थानीय तहमा चुनावी तालमेल गर्ने र स्थिति परिपक्व भएपछि समान विचार भएका वामपन्थी पार्टीहरुबिच पार्टी एकता गरेर अघि बढ्ने लक्ष्य अपनाउनु उपयुक्त हुन्छ ।

आजको उन्नत खालको विज्ञान र प्रविधिको युगमा सिङ्गो पार्टी पङ्क्तिलाई सर्वप्रथम जीवन र जगतको परिचालन सम्बन्धी वैज्ञानिक मार्क्सवादी विचारद्वारा प्रशिक्षित गर्दै प्रविधिको प्रयोगको लागि सक्षम जनशक्ति निर्माण गर्नु जरूरी छ । देशभित्रका विभिन्न शैक्षिक संस्थासँगै विदेशमा गएर प्राप्त गरेको उनीहरुको दक्षतालाई उपयोग गर्नका लागि मार्क्सवादी र समाजवादी दृष्टिकोण, लोकतान्त्रिक मूल्य–मान्यता, देशभक्तिको भावना, देश र जनताको सेवा गर्ने अठोट र 'देश बनाउनको लागि राम्रो पार्टी बनाउनु जरूरी छ' भन्ने मान्यताको विकास गर्नु आवश्यक छ ।

माथि उल्लिखित विषयसहित अन्य तमाम विषयको बारेमा पार्टीभित्र गहन छलफल र विचार विमर्श सहित बदलिएको एमाले पार्टी निर्माण गर्न सकियो भने निर्वाचनमा बहुमत मात्र होइन उन्नत र समृद्ध नेपाल सहित सुखी र खुसी नेपालीको सपना साकार पार्न अवश्य सकिन्छ ।
रातोपाटीबाट




# रास्वपा तनहुँको ...........

त्याग्नुपर्छ । राणातन्त्र, राजतन्त्रको अन्त्य पनि आफ्नैभित्रको कारणले भएको हो । पुराना दल पनि चकनाचुर भएका आफ्नै पार्टीभित्रको द्वन्द्वले हो ।"

देश परिवर्तन गर्ने संकल्प बोकेर जन्मिएको रास्वपालाई बलियो शक्तिका रुपमा विकास गर्दै अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै उनले पार्टीभित्र सहमति र सहकार्यलाई सधैं निरन्तरता दिनुपर्ने चर्चा गरे।

सांसद न्यौपानेले जुन आशा, भरोसाका कारण रास्वपालाई करिब ५२ लाख मत प्राप्त भएको छ विगतबाट पाठ सिकेर अगाडि बढ्दै जनताको भरोसालाई गन्तव्यसम्म पुर्‍याउनुपर्ने बताए ।

रास्वपा गण्डकी प्रदेशका प्रवक्ता शंकर पन्तले पार्टीमा को पहिला आयो, को पछि आयो भन्ने कुरा ठूलो नभएको बताउँदै सङ्गठनलाई बलियो बनाउनु अहिलेको प्रमुख माग रहेको बताए।

कार्यक्रममा रास्वपा तनहुँका संस्थापक सभापति विकास सिग्देल, क्षेत्र नम्बर २ का संयोजक सुन्दर बस्याल, १ का सचिव शशी रुपाखेती, व्यास नगर सभापति चुडामणि दाहाल, शुक्लागण्डकी नगर सभापति हरिबहादुर खड्कालगायतले पार्टीभित्र एकता र सहकार्यको आवश्यकता औंल्याएका थिए ।

# कृषि क्रान्तिको ...........

चरणमा दुईवटा कृषक समूह तथा फार्म छनोट गरेको छ । छनोट हुनेहरुमा बन्दीपुर गाउँपालिका–१ को भुँडाटार कृषक समूह तथा वडा नम्बर ५ स्थित भञ्ज्याङ कृषि तथा पशुपंक्षी फार्म (बुद्धिबहादुर मगर) रहेका छन् ।

गाउँपालिकाले छनोट भएका प्रस्तावकलाई आवश्यक कागजातसहित सात दिनभित्र सम्झौताका लागि उपस्थित हुन आग्रह गरेको छ । चालु आर्थिक वर्षका लागि गाउँपालिकाले यस कार्यक्रमअन्तर्गत आठ लाख रूपैयाँ बजेट विनियोजन गरेको जनाएको छ ।

विशेषगरी बन्दीपुर क्षेत्रमा कफी र लिची खेतीलाई व्यावसायिक रुपमा विस्तार गरी किसानको आर्थिक अवस्था सुदृढ बनाउने लक्ष्य गाउँपालिकाले लिएको छ । कार्यक्रममा आबद्ध किसानले अनुदानमा बिरूवा, प्राविधिक सहयोग तथा निःशुल्क व्यवहारिक तालिम प्रदान गरिने भएको छ ।

परम्परागत खेती प्रणालीलाई विस्थापित गर्दै प्रविधिमैत्री र बजारमुखी कृषि उत्पादनमा जोड दिन कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए । उनले भने, 'बन्दीपुरलाई कफी र लिची उत्पादनको पकेट क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य लिइएको छ ।'

यस्तै, प्रवक्ता श्रेष्ठले 'गुरू किसान' अवधारणालाई रैथाने सीप र व्यवहारिक ज्ञान हस्तान्तरण गर्ने नवीन प्रयासको रुपमा लिइएको बताए । उनले भने, 'अनुभवी किसान स्वयं अन्य किसानको घरदैलो र खेतबारीमा पुगेर प्रत्यक्ष रुपमा खेती प्रविधि सिकाउने भएकाले यस कार्यक्रमले कृषि प्रसारलाई गाउँस्तरसम्म प्रभावकारी बनाउनेछ।'

स्थानीय तहले कृषि क्षेत्रमा ल्याएका यस्ता योजनाले वैदेशिक रोजगारीतर्फ पलायन भइरहेका युवालाई गाउँमै उद्यम र रोजगारी सिर्जनामा प्रेरित गर्ने अपेक्षा गरिएको छ । कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र सम्मानित पेशाका रुपमा स्थापित गर्न बन्दीपुर गाउँपालिकाको यो पहललाई स्थानीय स्तरमा सकारात्मक रुपमा हेरिएको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

असार ०५ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

चैत्र ०६ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# बढ्दो दुर्घटना रोक्न तनहुँमा सडक सचेतना अभियान

## बिहानपख दुर्घटना बढेपछि प्रहरीद्वारा विशेष निगरानी र चेकिङ सुरू

भञ्ज्याङ समाचारदाता/दमौली

पछिल्लो समय तनहुँमा सवारी दुर्घटनाका घटना बढ्न थालेपछि दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले विशेष सडक सचेतना अभियान सुरू गरिएको छ। जिल्ला प्रहरी कार्यालय तनहुँ र जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले संयुक्त रूपमा मुख्य सडक मार्गहरूमा सडक सुरक्षा तथा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरेका हुन्।

विशेषगरी बिहानको समयमा सवारी दुर्घटनाका घटना तीव्र रूपमा बढ्न थालेपछि चालक, सहचालक तथा यात्रुलाई लक्षित गरी अभियान सुरू गरिएको प्रहरीले जनाएको छ । अभियान अन्तर्गत सुरक्षित यात्रा, सवारी साधनको गति नियन्त्रण, लेन अनुशासनको पालना, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने लगायतका विषयमा सचेतना प्रदान गरिएको छ ।



प्रहरीले दुर्घटना न्यूनीकरणका लागि बिहानको समयमा विशेष निगरानी तथा चेकिङलाई समेत कडाइ गरेको जनाएको छ। सडकमा नियम उल्लंघन गर्ने तथा जोखिमपूर्ण ढंगले सवारी चलाउने चालकलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही गरिने बताइएको छ ।

जिल्लामा सवारी दुर्घटनाको अवस्था चिन्ताजनक बन्दै गएको तथ्याङ्कले देखाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका अनुसार जेठ २२ गते बिहान ६ बजेदेखि जेठ २३ गते बिहान ६ बजेसम्मको २४ घण्टाको अवधिमा मात्रै जिल्लाका विभिन्न स्थानमा तीन वटा सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा चार जना घाइते भएका र घाइतेमध्ये एक जनाको अवस्था गम्भीर, एक जना मध्यम र दुई जना सामान्य रहेको प्रहरीले जनाएको छ।

अभियान तथा जिल्लाको समग्र सडक सुरक्षाबारे जानकारी दिँदै प्रहरी नायव उपरीक्षक द्वारिका प्रसाद घिमिरेले चालकको लापरबाही र तीव्र गति दुर्घटनाको मुख्य कारण रहेको बताए ।

उनका अनुसार पछिल्लो समय विशेषगरी बिहानपख अत्यधिक दुर्घटनाका घटना भइरहेको पाइएकाले तीव्र गति, लेन अनुशासनको अवहेलना तथा थकानका कारण दुर्घटना बढेको देखिएको छ । 'दुर्घटना न्यूनीकरण गर्न प्राविधिक तयारी मात्र पर्याप्त हुँदैन, चालक र यात्रु स्वयं पनि सचेत हुन आवश्यक छ', प्रहरी नायव उपरीक्षक घिमिरेले भने, "यस अभियानले नागरिकमा सडक अनुशासनको भावना विकास गर्न सहयोग पुग्ने विश्वास लिएका छौँ ।"

प्रहरीले अभियानलाई जिल्लाका सबै मुख्य राजमार्ग तथा सहायक सडकसम्म विस्तार गरिने जनाएको छ । साथै ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई कडा कारबाही गरिने चेतावनी समेत दिएको छ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रति मतदाता खर्च घट्दो

प्रकाश सिलवाल/काठमाडौं

राजनीतिक दल र उम्मेदवारका लागि पछिल्लो चुनाव खर्चिलो हुँदै गएकाबेला निर्वाचन व्यवस्थापनमा सरकारी कोषबाट प्रति मतदाता खर्च भने घट्दो देखिएको छ । निर्वाचन आयोग, नेपालले तुलनात्मक रूपमा कम खर्चमा गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सम्पन्न गराएको समीक्षा प्रतिवेदनबाट देखिएको छ। प्रति मतदाता कति खर्च तुलनात्मक रूपमा कम देखिएकाले निर्वाचन व्यवस्थापनको खर्च मितव्ययी देखिएको हो । स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी, विश्वसनीय मितव्ययी र पारदर्शी निर्वाचन गराउने नेपाल सरकार र निर्वाचन आयोगको लक्ष्यअनुसार पछिल्लो निर्वाचनमा प्रति मतदाता खर्च रू २६४ मात्रै भएको निर्वाचन समीक्षाबाट देखिएको छ ।



आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचनका लागि कुल रू चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ खर्च भएका कुल खर्चलाई कूल मतदाताले भाग गर्दा प्रति मतदाताको लागत विगतको तुलनामा कम निस्किएको हो । विसं २०७९ मा एकै साथ प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन हुँदा प्रति मतदाता करिब रू ४५० खर्च भएको थियो ।

उक्त निर्वाचनमा विभिन्न जिल्ला र स्थलमा मतदान स्थगन भई पुनःमतदानसमेत गर्नुपरेको थियो। पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट रू सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार माग भएकामा अर्थ मन्त्रालयबाट रू छ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २०० स्रोत सुनिश्चितता भएको थियो । निर्वाचनमा पुरुष, महिला, अन्य र अस्थायी मतदता गरी कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता थिए ।

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका एक करोड ११ लाख ६८ हजार ३२ ले मतदान गरेकामा एक करोड पाँच लाख ५९ हजार ७७ (९४ दशमलव ५५ प्रतिशत) मत सदर भएको थियो । समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८१७ ले मतदान गरेकामा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो । दुवै प्रणालीको निर्वाचनतर्फ औसत चार दशमलव सात प्रतिशत मत बदर भएको थियो । अघिल्लो निर्वाचनका तुलनामा यो घट्दो सत्या हो ।

आयोगले सो निर्वाचनबारे काठमाडौं उपत्यका बाहिरका छ प्रदेशस्तर र काठमाडौंमा केन्द्रीयस्तरको समीक्षा कार्यशाला गरेर सरोकार भएका पक्षसमक्ष निर्वाचनमा ५० सामग्री प्रयोग भएकामा ३७ सामग्री प्रदेश तथा जिल्लास्तरबाट खरिद गरिएका थिए भने १३ सामग्री आयोगबाट खरिद तथा छपाइ गरी गरिएको जानकारी दिएको छ ।

आयोगमा मौज्दात रहेका मतपेटिका, मतपत्र छपाइमा प्रयोग भएको कागजलगायत सामग्रीबाट प्रयोग गरिएको र आयोगले खरिद गर्ने सामग्री सरकारी निकायसँग 'जिटुजी' प्रक्रियाबाट मोलमोलाई गरेर खरिद गरिएकाले निर्वाचन मितव्यी भएको प्रवक्ता भट्टराईले बताउनुभयो । आयोगले मतपत्र छपाइको कार्य जनकशिक्षा सामग्री केन्द्र लिमिटेडबाट, अन्य सामग्री छपाइ साझा प्रकाशन र निर्वाचन सामग्रीको खरिद खाद्यसुरक्षा तथा व्यापार लिमिटेडबाट गरेको थियो।

### निर्वाचन समीक्षाबाट आएका सुझाव

आयोगले गरेको निर्वाचन समीक्षा कार्यशालामा सरोकार भएका पक्षले विदेशमा रहेका मतदाता रहेका नागरिको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधि कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदातलगायत विषयमा एकीकृत कानुनको तर्जुमा गर्नुपर्ने सुझाव दिइएको छ । मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अफ घाउनुपर्ने, निर्वाचन कानून तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव आएका छन् ।

निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रुपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्ता धरौटी जम्मा नगदमा नभई डिजिटल माध्यमबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैंकिङ प्रणालीबाट भए/नभएको अनुगमन गरिनुपर्ने सुझाव आएको आयोगले जनाएको छ ।

"मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले प्रयासरत छ । मतदानस्थल पुनरावलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ", आयोगको समीक्षा प्रतिवेदनमा भनिएको छ, "आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील रहेको छ ।"

यसैगरी, आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । रासस

facebook twitter



**रामेश**
x.com/RaameshKoirala

एउटा देशको परराष्ट्र मन्त्री अर्को देश गएर तिनका धुरन्धर-टाइपका प्रमुख सुरक्षा सल्लाहकारसँग भेट गरेर 'गर्मी से बेहाल, चलो नेपाल' मार्काको द्विपक्षीय पर्यटन प्रवर्धनबारे पनि छलफल गरेछन्। ओलीको शयनकक्षभन्दा खतरनाक स्क्रिप्ट रछ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

न एष्ट्रोनोमी, न फिजिक्स, न केमेस्ट्री, न वायोलोजी न त ज्युोलोजी, अर्थमेटिक, अलजेब्रा, ज्योमेट्री, ईन्जिनियरीङको कुनै हागो था छैन। तर एमालेको कार्यविभाजन हेर्दा यस्तो लाग्छ, सोच्ने काम हाम्रो होईन, केवलआदेश पालना गर्नु र लड्नु हो, सैनिक संगठनमा जस्तै। म एआईलाई सोध्छु- एमाले पहिलो कसरी बन्छ ?



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

भारत तथा नेपालको शिक्षा प्रणालीले मूलतः विद्यालय वा कलेजका परीक्षा पास गर्ने, तथा सरकारी सेवाको प्रवेश परीक्षामा सफल हुन धम्मरधुस लाग्ने खालका 'सीप' सिकाउँछ। तर रोजगारी सिर्जना गर्नेभन्दा रोजगारी खोज्ने मानसिकता विकासगर्ने शिक्षाका कारण बेरोजगारी बढ्दो छ ।
यस्तो अवस्थामा 'कक्रोच पार्टी'को सम्भावना भने राम्रो देखिन्छ।

# पूर्व विद्यार्थी श्रेष्ठ दम्पतीद्वारा शैक्षिक सामग्री वितरण

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँको बन्दीपुर गाउँपालिका-२ स्थित विभिन्न विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा खेलकुद सामग्री वितरण गरिएको छ । विद्यालयका पूर्व विद्यार्थी तथा हाल काठमाडौंमा बसोबास गर्दै आएका प्रेमकुमार श्रेष्ठ र उनकी पत्नी अञ्जु श्रेष्ठको पहलमा विभिन्न संघ-संस्थाको सहयोगमा शैक्षिक सामग्री वितरण गरिएको हो ।

बन्दीपुर गाउँपालिका-२ स्थित शान्ति आधारभूत विद्यालय, पार्चमा आयोजित कार्यक्रममा रोटरी क्लब अफ यल तथा आयन्स, लक्ष्मी देवभण्डारी (भूमि) तथा सहकार्य सहकारी काठमाडौंको संयुक्त सहयोगमा विद्यालयका ३५ जना विद्यार्थीलाई कापी, कलम तथा पोशाक वितरण गरिएको थियो ।



कार्यक्रममा विद्यार्थीहरूको शैक्षिक तथा शारीरिक विकासलाई सहयोग पुऱ्याउने उद्देश्यले विद्यालयलाई विभिन्न शैक्षिक सामग्री, खेलकुद सामग्री तथा प्राथमिक उपचारका लागि आवश्यक औषधिसमेत हस्तान्तरण गरिएको थियो ।

उक्त कार्यक्रममा बन्दीपुर गाउँपालिका-२ का वडाध्यक्ष तिलक (सुशील) कुँवर, विद्यालयका प्रधानाध्यापक दीपक के.सी., शिक्षक-शिक्षिका, अभिभावक तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

यसैबीच, रोटरी क्लब अफ यल तथा आयन्सकै सहयोगमा वडा नम्बर २ स्थित देउराली आधारभूत विद्यालय, बड्गरका २२ जना विद्यार्थीहरूलाई कापी तथा कलम वितरण गरिएको छ ।

त्यसैगरी, भानु माध्यमिक विद्यालय, बन्दीपुरमा आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष तिलक कुँवर, प्रधानाध्यापक विज्ञान भट्टराई तथा शिक्षक-शिक्षिकाहरूको उपस्थितिमा पूर्व विद्यार्थी प्रेमकुमार श्रेष्ठले कक्षा १ देखि १० सम्म अध्ययनरत विपन्न परिवारका २२ जना विद्यार्थीलाई कापी, कलम लगायतका स्टेशनरी सामग्री व्यक्तिगत तथा पारिवारिक सहयोगस्वरूप प्रदान गरेका थिए।

यस्तै, बन्दीपुर गाउँपालिका-१ स्थित जनता आधारभूत विद्यालयका ४० जना विद्यार्थीहरूलाई वडा अध्यक्ष शिवकुमार श्रेष्ठमार्फत कापी र पेन्सिल वितरण गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रेमकुमार श्रेष्ठले शिक्षा क्षेत्रको विकासमा आफ्नो सहयोग आगामी दिनहरूमा पनि निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे । उनले विद्यालयमा गुणस्तरीय शिक्षाको वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकहरूको सक्रिय भूमिका आवश्यक रहेको उल्लेख गरे ।

उनले विद्यार्थीहरूलाई उच्च मनोबलका साथ अध्ययनमा केन्द्रित भई आफ्नो भविष्य उज्ज्वल बनाउन प्रेरित गर्दै शिक्षा नै समाज रूपान्तरणको मुख्य आधार भएको धारणा व्यक्त गरे ।

स्थानीय स्तरमा शिक्षा तथा विद्यार्थीहरूको समग्र विकासका लागि गरिएको यस सहयोगलाई अभिभावक, शिक्षक तथा स्थानीय समुदायले सकारात्मक रूपमा स्वागत गरेका छन् । स्थानीयवासीहरूले यस्ता सहयोगात्मक कार्यक्रमले ग्रामीण क्षेत्रका विपन्न विद्यार्थीहरूलाई अध्ययनमा थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन् ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४